बैठक नं-१०

आज मिति २०७४।१२।०५गते सोमबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | विणा |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | Bachey |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया बिन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | बिल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | लिलिया |
| कार्यपालिका सदस्य | समिना बेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | पती देवी |
| सचिव | टेक प्रसाद भट्टराई | |

आमन्त्रित कर्मचारी

| | | |
|---|---|---|
| इन्जिनियर | मोहनलाल महतो | Mohanlal |
| गोरखापाल | दिता राम | |

**प्रस्तावहरु**

**प्रस्ताव नं १. नाढ़ीताल पोखरी(माछासमेत) ठेक्का स्वीकृति सम्बन्धमा**

**प्रस्ताव नं २. ब्याक हो लोडर खरिद गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ३. खानेपानी आयोजनासम्बन्धि समपुरक कोष रकम बाडफाड सम्बन्धमा**

**प्रस्ताव नं ४. सफ्टवयर खरिदसम्बन्धि रकम बाडफाड सम्बन्धमा**

**प्रस्ताव नं ५. कटान आदेश दिने सम्बन्धमा**

**प्रस्ताव नं ६.शिक्षित बेटी:बालिग पोतह, स्वच्छ आ समुन्नत गाउँपालिका अभियान अनुमोदन गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ७. अधिकार प्रत्यायोजन सम्बन्धमा**

**प्रस्ताव नं ८. कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ९. मोटर बोट खरिदको लागि रकम बिनियोजन सम्बन्धमा**

**प्रस्ताव नं १०. सभा हल तथा कार्यालय भबन  निर्माण तथा मर्मतसम्भारका लागि बजेट बिनियोजन गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ११. पोखरी ठेक्का सम्बन्धि शर्त संसोधन सम्बन्धमा**

**प्रस्ताव नं १२. मोबाईल खरिद सम्बन्धि**

**प्रस्ताव नं.१३ धोधियाही लगायत  पोखरी ठेक्का लगाउने सम्बन्धमा**

**निर्णयहरु**

निर्णय नं.१. प्रस्ताव नं १ माथि छलफल गर्दा चन्द्रनगर गाउँ कार्यपालिकाले मिति २०७४\१०\१९गते जनकपुर टूडे राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरि नाढ़ीताल पोखरी(माछासमेत) ठेक्का बोलपत्र आहवान गरि नियमानुसार म्याद भित्र परेका बोलापत्रहरु मध्ये बोलपत्र मुल्यांकन समितिबाट सारभूत रुपमा प्रभाबग्राही मुल्यांकित सबैभन्दा बढी कबोल अंक (रु.६,१९,९५,०००\- अक्षेरुपी छ करोड उन्नाइस लाख पन्चानब्बे हजार रुपैया मात्र) भएको श्री रबि मत्स्य पालन उधोग,चन्द्रनगर गा.पा.-६ को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा चन्द्रनगर गाउँ कार्यपालिकाको मिति २०७४\१०१६ गते को बैठकको निर्णय अनुसार गाउँ कार्यपालिकाको कार्यालयले सार्बजानिक खरिद ऐन,२०६३ तथा नियमवाली ,२०६४(हाल सम्मको संशोधन) को नियम ३१(ख) तथा उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को प्रक्रिया पुरा गरि जनकपुर टूडे राष्ट्रिय दैनिक मा ईच्छुक उत्पादक वा बिक्रेता लाई सुचिकृत हुन गरिएको सूचनाअनुसार सुचिकृत बिक्रेताहरु मध्ये उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को दफा १० बमोजिम MAW Earth Movers PVT. LTD. धोबिघाट, ललितपुर को मात्र प्रस्ताब दर्ता भएको र निज बिक्रेताले first free servicing,1(one) year warranty of machine,one fiscal year tax clearance and owenership transfer सहित को सेवा छुट सहित ९२ hp को JCB 3DX Super Back hoe loader रु.३९,९९,९९९\-(अक्षेरुपी रुपैया उनान्तीस लाख उनान्सय हजार नौ सय उनान्सय मात्र)मा बिक्रि गर्न सक्ने आर्थिक प्रस्ताब पेश गरेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयले उत्पादक वा अधिकृत बिक्रेताद्धारा

निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को सम्पूर्ण प्रक्रिया पुरा गरि राष्ट्रिय स्तर को दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत एउटा मात्र बिक्रेताले माग बमोजिमको मेशिन बिक्रि गर्ने प्रस्ताब पेश गरेको र उक्त बिक्रेताको छुट सहितको आर्थिक प्रस्ताब प्राबिधिकबाट तयार गरि स्वीकृत लागत अनुमान रकमभन्दा रु.४ लाख घटी देखिएको उक्त प्रस्ताब स्वीकृत लागत अनुमान भन्दा न्युनतम रुपमा मुल्यांकित तथा सारभूत रुपमा प्रभाबग्राही प्रस्ताब रहेको देखिएको हुँदा MAW Earth Movers PVT. LTD. धोबिघाट, ललितपुर सेवा छुट सहित ९२ hp को JCB 3DX Super Back hoe loader रु.३९,९९,९९९\-(अक्षेरुपी रुपैया उनान्तीस लाख उनान्सय हजार नौ सय उनान्सय मात्र) बिक्रि गर्न सक्ने भनि पेश गरेको आर्थिक प्रस्ताब स्वीकृत गरि उक्त बिक्रेताले प्रस्ताब गरेको ९२ hp को JCB 3DX Super Back hoe loader खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताब नं ३ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभा बाट स्वीकृत वडा नं ६ र ७ को वडागत विनियोजित बजेट मध्ये खानेपानी योजना समपुरक कोष शिर्षकमा प्रत्येक वडाबाट विनियोजित रु ८\८ लाख रकमलाई Fund board, Nepal को आर्थिक सहयोग ,स्थानीय संस्था RRPK को सहजीकरण तथा उपभोक्ताको सहभागितामा संचालित तपशिल बमोजिमको खानेपानी आयोजानाको लागि उपभोक्ताले ब्यहोर्नु पर्ने ५.५% रकम मध्ये तीन वटा आयोजनाको लागि जम्मा रु. ४,४५,०००\-(चार लाख पैतालिस हजार रुपैया मात्र) मात्र जम्मा हुन सकेको र रु. १६,००,०००\- (सोह्र लाख रुपैया) अपुग हुन गई खानेपानी आयोजना संचालनमा अबरोध पैदा भई आयोजनाको सम्पूर्ण काम ठप्प हुन गएको र Fund Board, Nepal बाट थप अनुदान प्राप्त हुन नसक्ने र ग्रामिण जनताले शुद्द खानेपानी पिउन पाउने अधिकारबाट बन्चित हुनु पर्ने अवश्था आएकोले प्रथम गाउँबाट खानेपानी आयोजना समपुरक कोष शिर्षकमा विनियोजित रकम तपशिल बमोजिम बाडफाड गरि तत् तत् खानेपानी उपभोक्ता समितिको बैंक खातामा रकम ट्रान्सफर गर्ने र Fund board, Nepal बाट बाकि अनुदान रकम प्राप्त नहुँदासम्म गाउँपालिकाबाट ट्रान्सफर गरेको रकम रोक्का राखी उक्त अनुदान रकम प्राप्त भएपछी उपभोक्ताले पेश गरेको बिल भरपाई तथा प्राबिधिकबाट मुल्यांकन गराई खर्चको स्रोत नदोहिरिने गरि रकम फुकुवा गर्ने गरि हाललाई भुक्तानीको ब्यवश्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो:

<u>तपशिल</u>

<u>चन्द्रनगर वडा नं ६ को खानेपानी योजना समपुरक कोष शिर्षक मा विनियोजित रु.८ लाख रकम</u> बाट

१) नाढ़ीताल खानेपानी तथा सरसफाई उपभोक्ता समिति - रु. ४(चार) लाख

२) चन्द्रनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति - रु. ४(चार) लाख

<u>चन्द्रनगर वडा नं ७ को खानेपानी योजना समपुरक कोष शिर्षक मा विनियोजित रु.८ लाख रकम</u> बाट

१) चंद्रगंज खानेपानी तथा सरसफाई उपभोक्ता समिति - रु.६(छ) लाख

२) नाढ़ीताल खानेपानी तथा सरसफाई उपभोक्ता समिति - रु. २(दुई) लाख

महेन्द्र महतो
अध्यक्ष

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभा बाट सुचना प्रबिधि तथा सफ्टवेयर संचालन खर्च शिर्षकमा एकमुष्ट रुपमा विनियोजित रु.२२(बाईस) लाख रकमलाई तपशिल अनुसार बाडफाड गर्ने निर्णय गरियो:

| क्र.सं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | मोबाईल एप्स,नेटवार्किंग,ग्रुप एसएमएस,ई-हाजिरी | ४,००,०००\- | (केन्द्र) |
| २. | जिन्सी सफ्टवेयर | २,००,०००\- | (केन्द्र) |
| ३. | एकीकृत सम्पत्ति कर सफ्टवेयर | ४,००,०००\- | (केन्द्र) |
| ४. | आय लेखा(नगदी) सफ्टवेयर | २,००,०००\- | (केन्द्र) |
| ५. | व्यवसाय कर सफ्टवेयर | २,००,०००\- | (केन्द्र) |
| ६. | एकीकृत सम्पत्ति कर \मालपोत | ४,००,०००\- | ७(सात) वडा मा |
| ७. | आय लेखा (नगदि) | ४,००,०००\- | ७(सात) वडा मा |

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका बिधालय, सडक तथा विभिन्न सरकारी कार्यालय परिसरमा रहेका रुखहरु हावाहुरीले गर्दा ढल्न सक्ने सम्भावना रहेको र भौतिक संरचना तथा मानवीय पक्षको समेत क्षति हुन सक्ने भनि कटान आदेश माग भई आएको हुदा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षले अनुगमन गरि कटान आदेश दिनं सक्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

यसरि कटान आदेश दिदा प्राबिधिकबाट न्युनतम मूल्य एकिन गरि प्रतिस्पर्धाबाट अधिकतम रकम कबोल गर्ने व्यक्ति,संस्था वा फर्मलाई बिक्रि वितरण गर्ने ब्यवश्था मिलाउन सम्बन्धित संस्थालाई निर्देशित गर्नु पर्नेछ ।

निर्णय ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको अध्यक्षले १०८ औ नारि दिवश को दिन घोषणा गर्नु भएको "शिक्षित बेटी:बालिग पोतह, स्वच्छ आ समुन्नत गाउँपालिका अभियान" अनुमोदन गर्ने र तपशिल बमोजिमको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

**तपशिल**

क)यस अभियान अन्तर्गत गाउँपालिका भित्र जन्मिने प्रत्येक बालिका(बेटी)को नाममा निजको अभिभावकले आफ्नो निजि जग्गा वा गाउँपालिकाले तोकिदिएको सार्बजनिक जग्गामा ५(पाँच) वटा रुख रोपी ३५(पैतीस) दिन भित्र जन्मदर्ता गराउनु पर्नेछ ।

ख) वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले तोकी दिएको बैंकमा बालिकाको नाममा १८(अठार) बर्षे मुद्ती खाता खोलि रु. ५०००\-(रुपैया पाँच हजार मात्र) जम्मा गरि सो को एकप्रति भौचर सहित वा

रु.५०००\-(रुपैया पाँच हजार मात्र) नगदै गाउँपालिकामा जम्मा गरि सो को प्रमाण सहित निबेदन दिनु पर्नेछ ।

ग) गाउँपालिकाले निबेदन उपर आवश्यक जांचबुझ गरि निज बालिकाको खातामा रु.२०,०००\-(रुपैया बीस हजार मात्र )एकमुष्ट जम्मा गर्नेछ ।

तर भूमिहीन वा अति बिपन्न परिवारमा जन्मिने बालिकाको हकमा निजको अभिभाबकले जम्मा गर्नु पर्ने रकमको ५०% रकम मात्र जम्मा गर्नु पर्नेछ ।

घ) बालिकाको खातामा जम्मा भएको रकम गाउँपालिकाको सिफारिस मा १८(अठार) वर्ष पछी मात्र निकाल्न सकिनेछ ।

ङ) बालिकाको खातामा रहेको रकम तथा बैंक र गाउँपालिका बिचमा भएको सम्झौता बमोजिमको पाउने ब्याज रकम समेत कुल हुन आउने रकम खातावालाको हुनेछ ।

तर बिधालय शिक्षा पुरा नगरेको तथा अठार वर्ष उमेर नपुगी बिहे भएको खातावालाको खातामा जम्मा भएको रकम गाउँपालिकाको संचित खातामा फिर्ता हुने ब्यवश्था गाउँपालिकाले मिलाउने छ ।

यस अभियानको लागि आवश्यकता अनुसारको रकम समपुरक कोष बाट खर्च गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताब नं ७ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट एकमुष्ट रुपमा विनियोजित कार्यालय संचालन संग सम्बन्धित(मेशिनरी औजार,फर्निचर तथा फिक्चर्स,कार्यालय सम्बन्धि खर्च,Lgcdp तर्फको पुँजीगत बजेट आदि) बजेट शिर्षक अन्तर्गतका बजेट रकमलाई गाउँ सभाबाट विनियोजित बजेट सिमा नबढ्ने गरि आवश्यकताअनुसार रकम बाडफाड गर्ने निर्णय गर्ने अधिकार गाउँपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताब नं ८ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको कार्य संचालनको लागि आवश्यक तपशिल बमोजिमको कार्यविधि तथा निर्देशिका स्वीकृत गरि कार्यन्वयन गर्ने निर्णय गरियो:

**तपशिल**

१)शिक्षित बेटी:बालिग पोतह,स्वच्छ आ समुन्नत गाउँपालिका अभियान संचालन कार्यविधि,२०७४

२)चन्द्रनगर गाउँपालिकाको सरकारी,ऐलानी र पर्ती जग्गा खोजि तथा संरक्षण समितिको कार्य संचालन निर्देशिका,२०७४

निर्णय नं ९. प्रस्ताब नं ९ माथि छलफल गर्दा चद्रनगर गाउँपालिका मा रहेको नाढ़ीताल लाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्नको लागि मोटर बोट संचालन गरि प्रचारप्रसार गर्नु आवश्यक रहेको हुँदा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभा बाट आन्तरिक स्रोत कार्यक्रम तर्फ नाढ़ीताल विकास संरक्षण तथा निर्माण कार्यको लागि विनियोजित रु.२९ लाख बजेट लाई तपशिल बमोजिम रकम बाडफाड गरि नाढ़ीतालमा मोटर बोट संचालनको लागि मोटर बोट खरिद गर्ने निर्णय गरियो:

| | |
|---|---|
| १)मोटर बोट (१०-१५ hp, ६-८ seaters ) | रु.१४,००,०००\-(रुपैया चौध लाख मात्र) |
| २.मोटर बोट (१२-१८ hp,८-१२ seaters) | रु. १५,००,०००\-(रुपैया पन्ध्र लाख मात्र) |

निर्णय नं १०. प्रस्ताब नं १० माथि छलफल गर्दा यस गाउँपालिकामा हालसम्म कुनै पनि सभा हल नरहेको र गाउँपालिकाको सभा,समारोह तथा अथिती सत्कार लगायतका कार्यक्रम गर्न निकै कठिनाई भईरहेको हुँदा नाढ़ीतालको पश्चिममा रहेको अधुरो भबनलाई मर्मत सम्भार गरि सभा हल निर्माण गर्न प्रथम गाउँ सभाबाट मर्मत सम्भार कोष शिर्षकमा विनियोजित स्वीकृत बजेट रकमबाट रु. १४(चौध) लाख रकम बिनियोजन गर्ने निर्णय गरियो ।

साथै गाउँ कार्यपालिकाको कार्यालयको दैनिक कार्य संचालनको लागि प्रयाप्त कोठाहरु उपलब्ध नरहेको हुँदा दैनिक कार्य संचालन गर्न कठिनाई भई रहेको हुँदा कार्यालयको दोस्रो तल्लामा एउटा कोठा थप गर्न र कार्यालय परिसरमा शौचालयको मर्मतसम्भार गर्नको लागि मर्मत सम्भार कोष मा प्रथम गाउँ सभाबाट बिनियोजन भई स्वीकृत बजेट शिर्षक रकमबाट खर्च लेख्ने गरि रु.५(पाँच) लाख रकम बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताब नं ११ माथि छलफल गर्दा यस चन्द्रनगर गाँउ कार्यपालिकाको यस अघिका बैठकहरुबाट पारित आन्तरिक स्रोत(पोखरी, हाटबजार आदि) ठेक्का व्यवश्थापनको नियम तथा शर्तहरु मा देहाय बमोजिमको संशोधन गर्ने निणय गरियो:

- सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा(३)बमोजिम बोलपत्र स्वीकृत भएपछी बोलपत्रदातालाई नियमानुसार जमानत वा दाखिला गर्नुपर्ने रकम १५(पन्ध्र) दिन भित्र दाखिला गर्न सूचना दिने ब्यवश्था रहेकोले यस चन्द्रनगर गाउँपालिकाको आन्तरिक स्रोत(पोखरी, हाटबजार आदि) ठेक्का व्यवश्थापन को सन्दर्भमा १५ (पन्ध्र) दिन को समयसिमा तोकी नियमानुसार जमानत वा दाखिला गर्नुपर्ने रकम १५(पन्ध्र) दिन भित्र दाखिला गर्न सूचना दिनु पर्नेछ ।
- ठेक्का सम्झौता गर्न आउदा पहिलो किस्ता बराबरको रकम नगदै दाखिला गरि बाकी बार्षिक रकम बराबर धितो बापत बैंक ग्यारेन्टी वा जग्गा मुल्यांकन समितिले सिफारिस गरे बमोजीम जग्गाको धितो बापत पेश गर्नु पर्नेछ ।

जग्गा धितो प्रयोजनको लागि सरकारी दररेट तथा चलनचल्ती मूल्यलाई बिचार गरि जग्गाको मुल्यांकन गरि सिफारीश गर्नको लागि तपशिल बमोजिमको जग्गा मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो:

संयोजक - श्री सिताराम महतो

सदस्य - श्री रामचन्द्र कापड

सदस्य - श्री रामनारायण सिंह

समितिले आवश्यकता अनुसार कुनै प्राबिधिकलाई फिल्डमा खटाई निजको प्राबिधिक सिफारिस समेतको आधारमा जग्गाको मुल्यांकन गरि सिफारिस गर्नु पर्नेछ ।

जागा मुल्यांकन समिति तथा समितिले खटाएको प्राबिधिकलाई नियमानुसार भत्ता र अन्य सेवा सुबिधा गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराउने छ ।

निर्णय नं. १२ प्रस्ताब नं १२ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष वडा अध्यक्ष,कार्यपालिका सदस्य तथा वडा सदस्य सबैलाई प्रथम गाउँ सभाबाट मेशिनरी औझार शिर्षकमा

विनियोजित स्वीकृत बजेटबाट प्रति सदस्य रु.२०००।-(अक्षेरुपी दुई हजार रुपैया मात्र)नबढ्ने गरि एक\एक थान मोबाईल खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

साथै, चालु खर्च तर्फ संचार महशुल शिर्षक बाट खर्च गर्ने गरि सबैलाई सिमकार्ड उपलब्ध गराउने ब्यवश्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ प्रस्ताब नं १३ माथि छलफल गर्दा तपशिल बमोजिमको पोखरी(मछासमेत) ठेक्का प्रकिया अबिलम्ब अघि बढाउन देहायानुसार गर्ने निर्णय गरियो:

तपशिल

१)धोधियाही पोखरी- राजस्व परामर्श समितिको बैठकबाट न्युनतम कबोल अंक कायम गरि नियमानुसार ठेक्का प्रक्रिया अघि बढाउने

२) लोद्वा पोखरी र गोपिवाला पोखरी - गाउँ कार्यपालिकाको कार्यालयले १५(पन्ध्र) दिने सार्बजानिक सुचना प्रकाशित गरि नियमानुसार ठेक्का आह्वान गर्दा समेत ठेक्का लाग्न नसकेको हुँदा थप ७(सात)दिने सूचना प्रकाशित गरि ठेक्का प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो ।

महेन्द्र महतो
अध्यक्ष

निर्णय नं १ देखि १३ सम्मको निर्णयमाथि सहमति जनाउने गाउँ कार्यपालिका पदाधिकारीहरु को नाम,दस्तखत

| | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया बिन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | बिल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना बेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |
| सचिव | टेक प्रसाद भट्टराई | |